# नेपाल राष्ट्र बैंक
## बैकिङ्ग कार्यालय, थापाथली
### विल्स फांट (खरिद इकाई)

सुचना नं.: बै.का.(निर्माण) १/०६६।६७

बैंकिङ्ग कार्यालय थापाथली परिसरभित्र **ढल निकास, फुटपाथ तथा पाइपलाइन विस्तार** सम्वन्धी निर्माण कार्यको सिलवन्दी बोलपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६६/०७/२७ गते)

बैंकिङ्ग कार्यालय थापाथली परिसरभित्र **ढल निकास, फूटपाथ तथा पाइपलाइन विस्तार सम्वन्धी निर्माण कार्य** सिलवन्दी बोलपत्रको माध्यमबाट गराउने भएकोले निर्माण कार्यमा संलग्न इजाजतपत्र प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र आह्वान गरीएको छ ।

**शर्तहरु:**

१. बोलपत्र कागजात प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३० दिनसम्म दिनको ३:०० बजेभित्र नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली र सामान्य सेवा विभाग, बालुवाटारबाट रु.५०००।०० (**पांच हजार मात्र**) (पछि फिर्ता नहुने) तिरी खरीद गर्न सकिनेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनभित्र (सो दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १२:०० बजेभित्र नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय थापाथली, काठमाडौंमा बोलपत्र दाखिला भै सक्नुपर्नेछ । साथै सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा ( उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने) नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय थापाथली काठमाडौंमा खोलिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र फारम भरी खाममा राखि सिलवन्दी गरी बैंकमा पेश गर्नु पर्नेछ ।

४. वोलपत्रसाथ विडबण्ड वापत आफुले कवुल गरेको रकमको पांच प्रतिशतले हुन आउने रकम यस कार्यालयको थापाथली स्थित "स.के.हि. १३७ धरौटी" मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने अन्य बैंकबाट जारी भएको (बोलपत्र प्रस्ताव खोल्ने मितिबाट न्युनतम नब्बे दिनको अवधि भएको) विडबण्ड संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले साठी दिनको हुनेछ

६. बोलपत्रदाताले साझेदारीमा बोलपत्र पेश गर्न चाहेमा दुईवटा फर्म । कम्पनीहरुले मात्र संयुक्त रुपमा साझेदारीमा काम गर्ने गरी बोलपत्र दिन पाउने छन् । साझेदारीमा काम गर्ने गरी बोलपत्र दिंदा निम्न बुंदाहरुमा साझेदारहरुको
   - (क) दुवै साझेदारहरु कानूनी रुपमा उत्तरदायी हुने गरी बोलपत्रमा दस्तखत भएको हुनु पर्ने,
   - (ख) ठेक्काको शर्तमा उल्लेख भए अनुसार ठेक्का कार्य संपादन गर्न दुवै साझेदारहरु संयुक्त र व्यक्तिगत रुपमा उत्तरदायी हुनु पर्ने,
   - (ग) दुवै साझेदारहरुको तर्फबाट कानूनी रुपमा अधिकार प्राप्त अधिकारीहरुले दस्तखत गरी संलग्न साझेदारहरु मध्ये एउटा साझेदारलाई प्रमुख साझेदार मनोनित गरेको अख्तियारी पत्रको सक्कलै प्रति पेश गर्नु पर्ने ।

७. एक बोलपत्रदाताले व्यक्तिगत वा संयुक्त उपक्रमको साझेदार मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न पाउने छ ।

८. ठेक्का रकम उल्लेख गर्दा प्रचलित कानून अनुसार लाग्ने मुल्य अभिवृद्धि कर समावेश गरी कुल ठेक्का रकम स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

९. ढल निकास निर्माणको रु. ३,९०,८५४।०८, फुटपाथ निर्माणको रु. ३,९१,२००।९६ र पाइपलाइन विस्तारको रु.३,८४,३३०।५४ गरी यस निर्माण कार्यको कूल अनुमानित लागत रकम मु.अ.कर समेत रु.११,६६,३८५।५८ ( अक्षरुपी एघारलाख छैसठ्ठी हजार तीन सय पचासी र पैसा अन्ठाउन्न मात्र) रहेको छ ।

१०. बोलपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्थाको कालो सुचीमा परेको हुनु हुदैन ।

११. उपरोक्त अनुसार रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झुटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकको हुनेछ ।

१३. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा तथा सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय, थापाथली, विल्स फांट (खरिद इकाई) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेभसाईट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।